# हिमाली गाउँपालिका

## *आ.व. २०७७/०७८ वार्षिक नीति तथा कार्यक्रम*

**२०७७ साल असार १० गते बुधबार**

**नेपाल सम्वत् ११४० दिल्लाथ्व तृतिय**

हिमाली गाउँपालिका

आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

# "जडीबुटी, जलश्रोत,कृषि र पर्यटन हिमालीको शान, स्वास्थ्य, शिक्षा र रोजगारी सिर्जना गर्ने हाम्रो अभियान ।"

हिमाली गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु, कर्मचारी साथीहरु, पत्राकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु सर्वप्रथम हिमाली गाउँपालिकाको गाउँ सभाको छैटौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

हिमाली गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय सुशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। कोभिड-१९ का कारण विश्वभर लाखौं मानिसको ज्यान गुमाई सकेको छ र लाखौं सङ्क्रमित छन् । यस महामारीबाट नेपालमा पनि केही मानिसले ज्यान गुमाई सकेका छन्, हजारौंको संख्यामा सङ्क्रमित छन् भने सयौं मानिस निको समेत

भइसकेका छन् । यस विश्वव्यापी महामारीबाट सङ्क्रमित भई नेपालभित्र तथा वाहिर जीवन गुमाउनेका शोकाकुल परिवारजनप्रति हिमाली गाउँपालिका समवेदनाका साथै संक्रमित हुनु हुने नागरिकहरुप्रति शिग्रस्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।

कोभिड-१९ ले मुलुकको अर्थ व्यबस्थामाथि गम्भीर असर पुर्‍याएको छ । यस महामारीबाट हिमाली गाउँपालिका पनि अछुतो रहन सकेको छैन । व्यापार व्यवसाय लगाएत कृषि पेशामा पनि प्रभावित भएको छ । सबै विद्यालय शैक्षिक संस्थाहरु बन्द छन् । विकास निर्माणका कार्यहरु सोचे अनुरुप अघि बढ्न सकेको छैन । गाउँपालिकाभित्र तथा जिल्ला बाहिर बसोबास गर्ने यस गाउँपालिकाका नागरिकहरु “कोही पनि नागरिकहरु भोको नरहुन्” भन्ने उद्देश्यले गाउँपालिकाले वडा कार्यालयहरु मार्फत् गाउँपालिका भित्र र गाउँपालिकाले तोकेका व्यक्तिहरु मार्फत जिल्ला बाहिर रहेका काठमाण्डौं उपत्यका लगायतका स्थानहरुमा आवश्यक राहत सामग्री वितरण गरेका छौं ।

कोभिड-१९ को सङ्क्रमण प्रारम्भ भएलगत्तै नेपाल सरकारले अवलम्वन गरेको रणनीति र निर्णय वमोजिम संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग समन्वय गरेर यस रोगको सङ्क्रमण फैलिन नदिन गाउँपालिकाले अहोरात्र काम गरिरहेको छ । सङ्क्रमण थप फैलिन नदिन र यस महामारीमाथी विजय हासिल गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एक ढिक्का भएर दृढताका साथ लाग्न म सबैमा आह्वान गर्दछु ।

यस जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने प्रतिनिधी सभा तथा प्रदेश सभाका माननीय सदस्यहरु, उपाध्यक्ष, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, गाउँसभाका सदस्यहरु, कार्यालय प्रमुख लगाएत प्रशासनीक कर्मचारीहरु, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वयंसेवक, सुरक्षाकर्मी, सामाजिक संघ संस्था, निजी तथा ब्यावसायिक क्षेत्र, सञ्चारजगत तथा राहत कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरु लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस महामारी सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारको कार्यमा गाउँवासीले दिएको साथ, सहयोग, अगाध माया र ममताबाट प्रेरित भई मैले हिमाली गाउँपालिकालाई कृषिमा आत्मनिर्भर, गरिबी निवारण, रोजगारी सिर्जना गरी सुखी हिमाली वासी र समृद्ध हिमाली गाउँपालिका बनाउने गरी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

१) हिमाली गाउँपालिकामा जल, जंगल, वन्यजन्तु, जडिबुटी र सुन्दर पर्यटकिय स्थलहरुको भण्डारण भएको हुँदा उक्त सम्पदाहरुको संरक्षण, व्यवस्थापन तथा समयानुकुल उत्खलन/प्रयोग गरी स्थानीय जनतालाई प्रत्यक्षरुपमा लाभ प्रदान गरिने व्यवस्था मिलाईने छ ।

२) भौगोलिक कठिनाई, आर्थिक अभावको बावजुत पनि तीनै तहका सरकारसँग समन्वय तथा सहजिकरण गर्दै यस हिमाली गाउँपालिकाले

सबै वडा कार्यालय लगाएत वस्तीहरुलाई सडक सञ्जाल जोड्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३) गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध हिमाली गाउँपालिका बनाउने क्रममा क्रमशः गाउँपालिका क्षेत्रभित्र रहेका काठे एवम् ढुङ्गे पुलहरुलाई विस्थापित गर्दै बाँकी रहेका सुप, सिमपानी र छिम्दु लगायतका स्थानहरुमा झोलुंगेपुल निर्माण गरिनेछ ।

४) चालु आर्थिक वर्ष सम्म यस हिमाली गाउँपालिकाका सबै वस्तीमा खानेपानीको उपलब्धता गराइएको हुँदा यस आ.व.२०७७।०७८ मा सो खानेपानीलाई सुरक्षित र सफा खानेपानीको उपलब्धताको व्यवस्था मिलाईने छ ।

५) गाउँपालिकाको प्रशासकीय भवनको करिब २५ प्रतिशत कार्य सम्पन्न भएको हुँदा सो भवन निर्माण कार्यलाई निरन्तरता दिदैं भौतिक संरचना सुधार गर्नुपर्ने विद्यालयहरुको भवन, स्वास्थ्य संस्थाका भवनहरु, वडा कार्यालय भवनहरु निमार्ण गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

६) हिमाली उज्यालो अभियान अर्न्तगत यस गाउँपालिकामा  निमार्णाधीन कवाडी लघु जलविद्युत् आयोजना, घट्टेखोला लघु जलविद्युत् आयोजना र विच्छुँया खोला लघु जलविद्युत् आयोजनाहरुलाई निरन्तर निमार्णका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै तत्काल विद्युत् उपलब्ध हुन नसक्ने स्थानहरुमा वैकल्पिक ऊर्जाको व्यवस्था गरी उक्त स्थानहरुमा उज्यालोको प्रबन्ध मिलाईने छ ।

७) गाउँपालिकाबाट सञ्चालन हुने सम्पूर्ण विकास निर्माणका कार्यहरुमा उच्च जनसहभागीता वृद्धि गर्दै आईराखेको हुँदा उक्त कार्यहरुलाई निरन्तरता दिँदै अत्यावश्यक मेशनरी तथा निर्माण सामग्री खरिद हुने योजना बाहेक अन्य योजनामा कुल लागतको २५ प्रतिशत सम्म मात्र पेश्की रकम दिईने नीति लिईनेछ ।

८) गाउँपालिका स्थापनाकाल देखि हालसम्म सञ्चालन भएका सम्पूर्ण योजना र आगामी वर्षका लागि छनौट भएका आयोजनाहरुको एकिकृत गरी योजना बैङ्क निर्माण गरी योजना तथा आयोजना सञ्चालन गरिने व्यवस्था गरिने छ ।

९) हिमाली गाउँपालिकाका गौरवका योजनाहरुमा जस्तै पादुका देखि रानीसैन सम्मका पर्यटकीय क्षेत्रको पहिचान, हिमाली गाउँपालिका स्तरीय रंगशाला ,औद्यौगिक क्षेत्र, प्राविधिक शिक्षालय, जडिबुटि उद्योग, सडक निर्माण लगायतका अन्य भौतिक पूर्वाधारको DPR तयार गर्नुका साथै भूगोलको सम्भाव्यता अध्यन गर्नका लागि IEE र EIA गरिने छ ।

१०) हिमाली गाउँ पालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई समयानुकूल तालिमको व्यवस्था, प्रतिस्प्रधी वातावरणको सृजनाका साथै शैक्षिक स्तर सुधारका लागि विद्‍यार्थी शिक्षक अनुपात गणना गरी स्वयम् सेवक शिक्षक कर्मचारीको नियुक्ति

गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक नीतिहरु अवलम्बन गरिने छ ।

११) समावेशी शिक्षा शैक्षिक गुणस्तर वृद्धि गर्न आर्थिक तथा विपन्न, दलित, जनजातीका बालबालिकाहरुलाई छात्रवृत्तीको व्यवस्था, गाउँपालिका भरिका सबै सामुदायिक विद्यालयहरुमा परीक्षा प्रणालीको एकरुपकता र शैक्षिक सत्रको सुरुवातमै पाठ्यपुस्तक उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ ।

१२) डिप्लोमा तहको प्राविधिक शिक्षालयको स्थापना, गाउँपालिका क्षेत्रभित्रमा रहेका माध्यामिक विद्यालयलाई निदिष्ट सूचकका आधारमा नमूना विद्यालय घोषणा गरी आवश्यक शैक्षिक क्रियाकलापहरु संचालन गर्नका लागि बजेटको व्यवस्था गरिने छ ।

१३) हिमाली गाउँपालिकाको खेलकूद क्षेत्रको विकास गर्न “स्वास्थ्यको लागि खेलकूद राष्ट्रका लागि खेलकूद” भन्ने मूल नारालाई साकार पार्न गाउँपालिकामा खेलकूद रंगशाला निमार्ण गरी राष्ट्रपति रनिङ्गसिल्ड र गाउँपालिका अध्यक्षकप जस्ता खेलकूद प्रतियोगिता लगायत अन्य अतिरिक्त क्रियाकलापहरु निरन्तरता दिने नीति लिईने छ ।

१४) **“म स्वस्थ मेरो पालिका स्वस्थ”** भन्ने नारालाई साकार पार्न कोभिड-१९ लगाएतका महामारी माथि विजय हासिल गर्न आफू, आफ्नो टोल र आफ्नो समुदायलाई पूर्ण रुपमा सरसफाई गर्न आवश्यक पर्ने स्वास्थ्य सामाग्रीहरुको उपलब्धता र जनचेतनामूलक कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१५) समय-समयमा नागरिक माथि आईपर्ने महामारी तथा सर्ने नसर्ने रोगहरुलाई रोकथाम तथा नियन्त्रण गर्न र सम्पूर्ण जनस्वास्थ्यका कार्यक्रमहरुलाई चुस्तदुरुस्तका साथै थप प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१६) विश्वभर महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा उपचारमा खटिने स्वास्थ्यकर्मी एवम् अन्य कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप जोखिम भत्ताको व्यवस्था गरिनुको साथै उक्त रोग थाम तथा नियन्त्रणमा खटीएको अवस्थामा हुने दुर्घटनाको लागि प्रति व्यक्ति रु. १० लाखसम्मको कोरोना बिमा कोरोना व्यवस्थापन समितिले गरेको निर्णयलाई यस सभाबाट अनुमोदन गरी लागू गरिने छ ।

१७) हिमाली बासीलाई स्वास्थ्य सेवाको पहुँच उपलब्ध गराउनको लागि प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवाको स्थापना गरिएको र उक्त आधारभूत स्वास्थ्य सेवाकेन्द्रबाट गुणस्तरीय स्वास्थ्यसेवा प्रदान गर्नका लागि आवश्यक औषधि तथा उपकरण खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै प्रत्येक बस्तीमा नियमित प्रति महिना गाउँघर क्लीनिक संचालन कार्यलाई निरन्तरता दिइने छ ।

१८) "स्वस्छ वातावरण र सफा गाउँपालिका" निर्माण गर्नका लागि गाउँपालिका केन्द्र धुलाचौर र आवश्यकता अनुसार अन्य स्थानमा फोहर जम्मा गर्नका लागि डम्पिङ्ग खाडल निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१९) सामान्य खालको रोग लाग्दा  गाउँपालिका भन्दा बाहिर उपचारको लागि जाने प्रवृत्तीलाई अन्त्य गर्नका लागि गाउँपालिकाको केन्द्रमा टेक्निकल ल्याब सहितको जनशक्ती भएको १५ सैयाको अस्पताल निमार्णका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२०) नागरिकहरुलाई सर्वसूलभ तरिकाले स्वास्थ्य सेवा उपलब्धताका लागि एम्बुलेन्सको व्यवस्था गरिएको हुँदा उक्त एम्बुलेन्स नागरिकहरुले सरल तरिकाले उपभोग गर्नको लागि आवश्यक  व्यवस्था मिलाउँदै गाउँपालिकालाई आवश्यक पर्ने थप मेसिनेरी औजार तथा सवारी साधन, खरिदको लागि आवश्यक बजेटको व्यवस्था  गरिनेछ ।

२१) विश्वभरी नै महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) लाई रोकथाम तथा नियन्त्रणमा खटिनुहुने सम्पूर्ण स्वास्थ्यकर्मी, जनप्रतिनिधी र कर्मचारीहरुलाई धन्यवाद दिदै आगामि वर्षमा उक्त रोगमाथि विजयहासिल गर्न तथा उक्त रोग रोकथाम तथा नियन्त्रण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२२) जेष्ठ नागरिक, असाहाय , अपाङ्ग, एकल, गर्भवती महिला, तथा बालबालिकाको स्वास्थ्य स्तीथि सुधारका लागि आवश्यक घुम्ती शिविर संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२३) हिमाली गाउँपालिका बाँधु, बोल्ढीक, धिम, पाँडी, फैती, लेप्डी, रुगिन, कुवाडि, कोट र विच्छयाँ लगायतका क्षेत्रमा माटो सुहाँउदो प्याज पकेट क्षेत्र, आलु पकेट क्षेत्र, सिमि पकेट क्षेत्र, मकै पकेट क्षेत्र र जडिबुटी पकेट क्षेत्रको रुपमा  विकास  गर्नका लागि आवश्यक क्रियाकलाप संचालन भएको र उक्र क्षेत्रहरुको स्तर उन्नती तथा

फलदायि बनाई कृषि उत्पादकत्व वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२४) बस्ती स्तरमा नै उत्पादन हुने जौं, कोदो, चिनु, कागुनु, फापर, मकै, आलु, गहुँ, सिमि लगायतका रैथाने बालीको संरक्षण, सर्म्बद्धन तथा उत्पादन वृद्धि गर्नका लागि ल्याइएका आवश्यक कार्यक्रमहरुलाई निरन्त्रता दिईने छ । कृषकहरुले उत्पादन वृद्धि गरी बजारिकरणको समस्या भएमा गाउँपालिकाले नै खरिद गरी सो को विक्री तथा व्यवस्थान गर्नका लागि आवश्यक सहजिकरण गर्ने व्यवस्था मिलाईने छ ।

२५) मौसमी तथा बेमौसमी तरकारी तथा फलफुल उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन दिने कार्यक्रम संचालन गर्नुका साथै त्यस्ता फलफुल तथा तरकारी उत्पादन गर्ने कृषक तथा कृषक समूहहरुलाई आवश्यक कृषि औजार तथा उपकरणहरुको व्यवस्थाका लागि आवशयक बजेटको व्यवस्था गरिने छ ।

२६) **“एक व्यक्ति पाँच रुख सन्तुलित वातावरण र समृद्ध हिमाली गाउँपालिका”** भन्ने नारालाई साकार पार्न सफा स्वच्छ र हरियाली वातावरण प्रर्वद्धन गरी स्वाबलम्बि नागरिक निर्माणका लागि गाउँपालिका अध्यक्ष वन संरक्षण अभियान अन्तरगत खाद्य सुरक्षाको लागि वृक्षारोपण कार्यक्रमलाई निरन्त्रता दिदै सो निती अनुरुप रोपिएका रुखहरुको संरक्षण तथा सम्बद्धन गर्ने नागरिकहरुलाई खाद्यान्नको व्यवस्थाका लागि आवश्य बजेटको व्यवस्था गरिने छ ।

२७) गाउँपालिकाका सम्पूर्ण नागरिकहरु आर्थिक, सामाजिक तथा राजनैतीकरुपमा सक्षम बनाउनका लागि बहु क्षेत्रिय पोषण कार्यक्रम लगायतका क्रियाकलापलाई निरन्तरता दिदै सक्षम नागरिक निर्माण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

२८) हिमाली गाउँपालिका क्षेत्रभित्र पालिने भेडा, च्यांग्रा बाख्राहरुको उत्पादन केन्द्र तथा पकेट क्षेत्रको रुपमा विकास गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२९) गाउँपालिका भित्र उत्पादित पशुपंछिबाट प्राप्तहुने कच्चा प्रदार्थहरुबाट निर्मित पशुजन्य सामाग्रीहरुको उत्पादन गर्न पशुजन्य उद्योगहरुको स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै उत्पादित सामाग्रीहरुको बजारिकरणको लागि आवश्यक सहयोग तथा सहजिकरण गाउँपालिकाले गर्ने निती लिईने छ ।

३०) व्यवसायि रुपमा पशुपालन गर्ने कृषक तथा कृषक समूहलाई उन्नत खालका बोका, थुमा, राँगा र साँडे उपलब्ध गराउदै आइराखेका क्रियाकलापहरुलाई निरन्तरता दिनुका साथै उन्नत खालका पशुहरु खरिद गरी व्यवसायी रुपमा पशुपालन गर्न इच्छुक कृषक तथा कृषक समूहलाई ५० प्रतिशत खरिद अनुदान र १०० प्रतिशत ढुवानीको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

३१) भारत लगायत अन्य मुलुकमा रोजगारीका लागि ठुलो संख्यामा यूवाहरु विदेशीने गरेको हुँदा उक्त यूवाहरुलाई गाउँपालिका भित्र व्यवसायिकरुपमा कृषि तथा पशुपालनमा जोड दिई स्ववालम्बी तथा

आत्मनिर्भर यूवा निर्माणका लागि स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

३२) “व्यवसायी रुपमा खेती गरौँ गरिबीलाई निर्मुल गाउँपालिका बनाऔँ” भन्ने नीति अनुरुप कृषि तथा पशु पंक्षि क्षेत्रको बिकासका गर्न कृषिजन्य, दुध जन्य पदार्थको उपयोग-प्रशोधन र बजारीकरण गरी लोप उन्मुख पशु पंक्षि, अण्डा, मासु, दुध, खाद्यान्न बालि, फलफुल, तरकारी तथा नगदेवालिहरुको उत्पादनमा वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

३३) हिमाली गाउँपालिकामा पाईने केतुके, अल्लो, लोक्ता लगाएतका जडिबुटीहरुलाई प्रशोधनका लागि उद्योगको स्थापना गरी रोजगारी सिर्जना गर्न आवश्यक नीति लिईने छ ।

३४) गाउँपालिका स्थापना भए देखि नै विभिन्न क्षेत्रमा सीपमूलक तालिम दिइने कार्यलाई निरन्तरता दिइनुका साथै चालू आ.व. मा उक्त तालिम लिई राखेका व्यक्तिहरुको स्तर उन्नती गर्नुका साथै थप जनशक्तिलाई सीपमूलक तालिम दिई दक्ष जनशक्ति वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

३५) कोभिड-१९ को प्रभावका कारण विदेश तथा स्वदेशमा रोजगारी गुमाएका र अन्य वेरोजगार नागरिकहरुको तथ्याङ्क संकलन गरी सीप र क्षमताको आधारमा रोजगारी सिर्जना गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३६) हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्वाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिँदै यस क्षेत्रको सांस्कृतिक, पर्यकटिय स्थल, स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गरी, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

३७) आजको युग सूचना र सञ्चारको युग हो । सूचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिँदैन तसर्थ यस क्षेत्रमा रेडियो तथा एफ.एम.रेडियो सुनिने व्यवस्था तथा इन्टरनेट सहितको सूचना प्रविधिको विकासका लागि सम्बन्धित निकायसँग निरन्तर समन्वय गरिनुका साथै यसै आ.व.भित्र सबै वडा कार्यालयहरुमा इन्टरनेट सुविधा पुऱ्याइनेछ ।

३८) हिमाली गाउँपालिकाका केही क्षेत्रमा हालसम्म पनि सामान्य टेलिफोनको समेत सेवा उपलब्ध नभएको हुँदा उक्त क्षेत्रहरुमा टेलिफोन सेवाको उपलब्धताको लागि सम्बन्धित निकायसँग समन्वय गरी सो सेवाको उपलब्धता गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

३९) गाउँपालिकाबाट नागरिकहरुलाई प्रदान गरिने सेवाहरुलाई छिटो छरितो, पारदर्शी र मितव्ययी तरिकाले सेवा उपलब्ध गराउने उद्देश्यले राजश्व, योजना र लेखाबाट प्रदान गरिने सेवालाई सफ्टवयरबाट सञ्चालित गरिएको र उक्त सफ्टवयरलाई निरन्तरता दिनुका साथै आवश्यक पर्ने अन्य सफ्टवयर खरिद तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

४०) गाउँपालिकासँग सम्बन्धित परम्परागत तथा आधुनिक सम्पूर्ण तथ्याङ्कहरुलाई एकिकृत गरी अभिलेखीकरण गरी व्यवस्थित गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४१) पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थित पर्यटकियस्थलहरुको विकास गर्न सुरक्षित सडक सञ्जाल निर्माण, मन्दिर तथा देविस्थल निर्माण , गुफा ब्यवस्थापन , खरि ढुङ्गा,चुन ढुङ्गाको उत्खलन, तथा अन्य पर्यटिय स्थलहरुको पहिचान गर्ने कार्यलाई निरन्तरता दिँदै हिमाली गाउँपालिकासँग जोडिएको कर्णाली नदिको क्षेत्रमा ऱ्याफ्टीङ्ग सेवा संचालन, रानीसैन पर्यटकीय क्षेत्रसम्म पदमार्ग यात्रा गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

४२) हिमाली गाउँपालिकामा बसोबास गर्ने दलित, महिला, अल्पसंख्यक तथा सिमान्कृत वर्गहरुलाई राज्य सत्ताको मूल प्रवाहमा ल्याउन विभिन्न सिपमूलक तालिम, जनचेतनामूलक कार्यक्रम, आरक्षणकोटाको व्यवस्थापन तथा वर्ग अनुकूल विकाश निमार्ण कार्यहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

४३) नागरिकहरुलाई सक्षम बनाउनका लागि राज्यबाट सामाजिक सुरक्षाको व्यवस्था गरिएको हुँदा कोहि पनि नागरिकहरुलाई उक्त सेवाबाट बञ्चीत नहुन भन्ने उद्देश्यले समय अनुकूल सो तथ्यांकहरुलाई अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिनुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त, पारदर्शिक तथा मितव्यायी तरिकाले वितरण गर्न बैँकिङ्ग प्रणालीलाई जोड दिई सामाजिक सुरक्षा भत्ता वितरण गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

४४) गाउँपालिकाभित्र अपाङ्ग तथा जेष्ठ नागरिकहरुको पहिचान गरी समय अनुकूल परिचयपत्र वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

४५) गाँउपालिका भित्रका ६५ बर्ष भन्दामाथि र ७० बर्ष भन्दा तलका जेष्ठ नागरिकहरु र ग र घ वर्गका सम्पूर्ण अपागंहरुलाइ बितरण गर्दै आईरहेको सामाजिक सुरक्षाभत्ता कार्यक्रम लाई निरन्तरता दिनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

४६) समाजमा परम्परा देखि नै जरा गाडि राखेका सामाजिक कुप्रर्थाहरुलाई निर्मूल गर्नका लागि सचेतनामूलक कार्यक्रम, आवश्यक सामाग्रीहरुको व्यवस्था र समयमै न्यायको उपलब्धता दिने कार्यलाई निरन्तरता दिनुका साथै उक्त कार्यहरुलाई थप प्रभावकारी बनाई सामाजिक कुप्रर्थाहरुलाई पूर्णरुपमा अन्य गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

४७) यस गाउँपालिकामा लागू भएका सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट प्रदान गरिने सेवाहरुलाई एकद्धार प्रणालीबाट सेवा प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिनुका साथै उक्त सेवाहरुलाई नागरिकहरुको आवश्यकता अनुरुप भए नभएको आवश्यक मूल्याङ्कन तथा अनुगमन गरी नागरिकहरुलाई छिटो छरितो रुपमा सेवाको उपभोग गर्ने व्यवस्था मिलाईने छ ।

४८) गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई सेवाग्राहिमैत्री बनाउन कर्मचारीहरुलाई **चेन अफ कमान्ड** मार्फत जनउत्तरदायि,

जवाफदेहि, पारदर्शि र मितव्यायि तरिकाले सेवा प्रदान गर्न कर्मचारी आचारसंहिताको पूर्ण रुपमा पालना गर्ने व्यवस्था मिलाईने छ ।

४९) सम्वृद्ध र सन्तुलित गाउँपालिका विकासका लागि आवश्यकता अनुसार सल्लाहकारहरु ,विषय विज्ञ, मेलमिलाप कर्ता, गाउँ प्रहरी लगायतका अन्य जनशक्ति नियुक्ति तथा व्यबस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

५०) गाउँपालिकामा रहेका दक्ष तथा प्राविधिक जनशक्तिहरुको तथ्याङ्क संकलन गरी गाउँपालिकाले आवश्यकता अनुसार परिचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

५१) गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय सेवा प्रदान तथा आधुनिक तरिकाले समाय अनुकुल विकासका लागि आवश्यकता अनुरुप जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

५२) **“सम्वृद्ध गाउँपालिका सुखि हिमाली बासी”** बनाउनका लागि हालसम्म निमार्ण गरिएका ऐन, नियम, विनियमावली र कार्यविधि लगायतका कानूनहरुको पूर्ण कार्यान्वयनमा जोड दिदै आवश्यकता अनुरुप थप कानूनहरुको निर्माण गरि लागू गरिने व्यवस्था मिलाईने छ ।

५३) गाउँपालिका स्थापना भए देखि हालसम्म सञ्चालन भएका सम्पूर्ण क्रियाकलापहरुको अभिलेखिकरण गरिनुका साथै आगामि वर्षमा सम्पादन गरिने क्रियाकलापहरुको अभिलेखिकरण गर्ने व्यवस्था मिलाईने छ ।

५४) हिमाली गाउँपालिकाका नागरिकहरुलाई प्रदान गरिने सेवालाई छिटो छरितो तथा सर्वसुलभ बनाउन गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गर्न आवश्यक प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

५५) हिमाली गाउँपालिकाको उत्तरी क्षेत्र रानिसैन लगायतका अन्य क्षेत्रहरुमा अबैधरुपमा जडिवुटी तथा वन्यजन्तुको चोरी शिकारी गर्ने कार्यलाई पूर्ण रुपमा निर्मुल गर्दै उक्त स्थानहरुको सुरक्षाका लागि सुरक्षा बलको स्थापनाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

५६) नागरिकहरुलाई प्रदान गरिने सेवाको गुणस्तरमा वृद्धि गरी सुशासनयुक्त गाउँपालिका बनाउन नागरिक वडापत्र, सोधपुछ कक्ष, सामुदायिक मेलमिलाप केन्दको स्थापना, गुनासो सुनुवाई कक्षको व्यवस्था, सार्वजनिक सुनुवाई सयन्त्रको विकास गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

५७) गाउँपालिका भित्र संचालन गर्ने सम्पूर्ण व्यवसायीहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न, करको दायरामा वृद्धि र तथ्याङ्कमा अद्यावधिक गर्नका लागि गाउँपालकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसायी सञ्चालन गर्ने निति लागु गरिने छ ।

५८) मनोरञ्जन स्थलको विकासका लागि गाउँपालिकाको केन्द्र धुलाचौरमा सार्वजनिक पार्क निमार्ण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५९) हिमाली गाउँपालिकाको अल्पकालिन तथा दिर्घकालिन विकासका लागि आवश्यक रणनिती तयार गरी उक्त रणनिती परिपुर्तिका लागि आश्यक बजेटको व्यवस्था गरिने छ ।

६०) नागरिकलाई सुरक्षाको प्रत्याभूती दिलाई समग्र गाउँपालिकाको प्राकृतिक एवम् मानव निर्मित सम्पती तथा सम्पदाहरुको संरक्षण गर्न आवश्यक स्थानमा प्रहरी चौकी स्थापनाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी उक्त स्थानमा प्रहरी चौकी स्थापना गर्न पहल गरिनेछ ।

६१) गाउँपालिकाका नागरिकहरुलाई सहज तरिकाले खाद्य सामाग्रीहरुको उपलब्धता गराउनका लागि गाउँपालिकाको केन्द्र धुलाचौर र कवाडीमा रहेको खाद्य तथा नुन डिपोलाई निरन्तरता दिदै, विच्छ्याँका लागि स्थायी खाद्य तथा नुन डिपो राख्न विषेश पहल गरिनेछ ।

६२) सुरक्षित र गुणस्तरीय खाद्यबस्तुको उपलब्धताका लागि उचित मूल्यसूची, सन्तुलित खाद्यबस्तुको विक्री वितरण, मिसावट तथा म्याद गुर्जेका सामानको विक्री वितरणमा पूर्ण रुपमा नियन्त्रण गरिने कार्यलाई निरन्तरता दिन गाउँपालिकाबाट नियमित रुपमा बजार अनुगमन तथा चेक जाँचको आवश्यक व्यवस्था मिलाईने छ ।

# धन्यवाद